# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प.सं.- ०७९/०८०
च.नं.- ३९१

मितिः २०७९।०५।२६

श्री वडा कार्यालय (१-११ सवै)
मिथिला नगरपालिका, धनुषा

विषयः- राष्ट्रिय परिचयपत्रका लागी विवरण दर्ता सम्वन्धमा ।

प्रस्तुत विषयमा यस मिथिला नगरपालिकावाट जिल्ला प्रशासन कार्यालय धनुषाको समन्वयमा मिति २०७९।०५।२७ गते देखि राष्ट्रिय परिचयपत्रका लागी व्यक्तिगत विवरण दर्ता गर्ने साथै जैविक विवरण (वायोमेट्रिक) संकलन कार्य संचालन हुन गईरहेको हुदाँ यस नगरपालिकाको ईच्छुक स्थायी वासिन्दाहरुले राष्ट्रिय परिचयपत्र दर्ता कक्षमा तोकिएको ढाँचामा आवश्यक कागजात सहित बिवरण पेश गर्न सकिनेछ । यसै पत्रसाथ संलग्न राखी पठाईएको राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग काठमाडौंको सुचनाको व्यहोरा बमोजिम गर्न गराउनुहुन सम्पुर्णमा आदेशानुसार अनुरोध छ ।

आवश्यक कागजातहरु:-

१. नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रतिलिपी ।
२. बाबु/आमाको नागरिकताको प्रतिलिपी उपलव्ध भएसम्म ।
३. नागरिकताको प्रमाणपत्रमा अन्य मिति नखुलेकाको हकमा सो खुल्ने प्रमाण वा वडाको सिफारिस पत्र ।

पुनश्चः- दैनिक बढीमा जम्मा ४० (चालिस) जनाको कुपन मात्र बाँडिने समेत जानकारी गराईन्छ ।

खिलराज परियार
अधिकृत छैटौं (प्रशासन)

खिलराज परियार
अधिकृत (छैटौं)

वोधार्थ,
श्री नगरप्रमुख ज्यू, मिथिला नगरपालिका
श्री नगर उप-प्रमूख ज्यू, मिथिला नगरपालिका
श्री प्रमुख प्रशासकीय अधिकृत, मिथिला नगरपालिका

# राष्ट्रिय परिचय-पत्र तथा पंजीकरण विभाग
## सिंहदरबार, काठमाडौं

# राष्ट्रिय परिचय-पत्र सम्बन्धि सूचना

नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता लिन, पेन्सन बुझ्न, पासपोर्ट, चल/अचल सम्पति खरिद बिक्रि गर्न, बैंक तथा वित्तीय संस्थामा खाता/ऋण लिन तथा बत्ती, पानी र टेलिफोनको सेवा लिने जस्ता अति आवश्यक सेवामा राष्ट्रिय परिचय नं अनिवार्य गर्न लागेको हुदाँ नागरिकता प्रमाण-पत्र प्राप्त सबै व्यक्तिले अफ्नो गाउँपालिकाको सम्बन्धित वडामा गई राष्ट्रिय परिचय-पत्रका लागि विवरण दर्ता गराउन हुन अनुरोध छ।

## राष्ट्रिय परिचय-पत्र लिनको लागि आवश्यक कागजातहरू

१. नेपाली नागरिकताको प्रमाण-पत्रको सक्कल (२०५८ पछिको नागरिकतामा स्टिकर नभए मान्य नहुने)।

२. बुबा/आमाको नागरिकताको प्रतिलिपी उपलब्ध भएसम्म।

३. नागरिकताको प्रमाण-पत्रमा जन्ममिती नखुलेको हकमा सो खुल्ने प्रमाण-पत्र वा गाउँपालिका/नगरपालिकाको सिफारिस।

४. राहाधानी लिएको भए सोको सक्कल वा नक्कल।

५. बसाँई-सराई हकमा बसाँई-सराई सक्कल (२०४० साल भन्दा पहिला बसाईसराइ गरेको हकमा मात्र वडाको बसाई प्रमाणीतले काम गर्ने र २०४० पछि बसाईसराइ गरेकोले अनिवार्य बसाईसराइ कागज नै पेस गर्नु पर्ने)।

६. विवाहितको हकमा नागरिकतामा पति/पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ता प्रमाण-पत्र अनीवार्य सक्कल।

७. एकल महिलाको हकमा मृत्यु दर्ताको सक्कल प्रति अनिवार्य ल्याउनु पर्ने।

# राष्ट्रिय परिचय पत्र बनाउन फोटो खिच्दा ध्यान पुर्याउनु पर्ने कुराहरु

## पुरुषको हकमा

- कानमा मुन्द्रा/टप लगाएको भए खोल्ने
- चश्मा निकाल्ने
- कपाल कालो बाहेक अन्य रंगको भए नेपाली ढाका टोपी लगाउने (अन्य कुनै टोपी लगाउन नपाउने)
- मफ्लर, गम्छा लगाएको भए हटाउने

## महिलाको हकमा

- चश्मा निकाल्ने
- कपाल कालो हुनुपर्ने
- अनुहारमा आवश्यकता भन्दा बढी मेकअप भए मुख धुन लगाउने
    - टिका हटाउने
    - गाजल पुछने
    - लिपस्टिक पुछने
    - कानको झुम्का हटाउने
    - नाकको फुली ठुलो भएमा हटाउने
    - धेरै मालाहरु लगाएको भए हटाउने ( एक पातलो पोते राख्न सकिने)

# राष्ट्रिय परिचय पत्र बनाउन आवश्यक कागजातहरु

१) नेपाली नागरिकताको सक्कल

निम्न अवस्थामा नागरिकताको प्रतिलिपि बनाउनु पर्नेछ।

- नागरिकता हराएको / च्यातिएको अवस्थामा
- नागरिकताको विवरण प्रष्ट बुझिने नभएमा
- नागरिकतामा फोटो प्रष्ट बुझिने नभएमा
- नागरितामा टास भएको होलोग्राम स्टिकर उक्किएर हराएको भएमा (२०५८ पछिको नागरिकतामा अनिवार्य स्टिकर हुनुपर्ने
- नागरिकतामा कुनै प्रकार को केरमेट गरिएको पाइएमा (केरमेट भएको ठाउमा अनिवार्य आधिकारिक हस्ताक्षर हुनुपर्ने)
- नागरिकतामा जारी मिति /जन्म मिति प्रष्ट नभएमा
    - नेपाली पात्रोमा नभएको मिती पाइएमा
    - राहदानी बनाएकोले राहदानीको अंग्रेजी मिति मिले नमिलेको अनिवार्य जाच्नुहोला

२) बिवाहित नागरिकको हकमा बिवाह दर्ता को सक्कल (२०४६ पछिका ले अनिवार्य बिवाह दर्ता नै पेस गर्ने)

नोट : (२०४६ अघिको बिवाह भए)

- श्रीमतीको नागरिकतामा श्रीमानको नाम उल्लेख भए श्रीमतीको नागरिकताको सक्कल वा
- छोरा/छोरीको जन्मदर्ता भए त्यसको सक्कल वा
- बसाइसराइ प्रमाणपत्र भए त्यसमा श्रीमान श्रीमती दुबैको नाम उल्लेख भए बसाइसराइ प्रमाणपत्रको सक्कल वा
- छोरा/छोरीको नागरिकतामा बुवा आमा दुबैको नाम उल्लेख भएमा त्यो नागरिकताको सक्कल वा
- वडाबाट श्रीमान श्रीमती भनि नाता प्रमाणित गरेको भए सो सिफारिसको सक्कल

३) अन्य स्थानबाट बसाई सराइ गरि आएको हकमा बसाईसराइ प्रमाणपत्रको सक्कल (२०४० पछि बसाइसराइ गरेकाले बसाईसराइ प्रमाणपत्रको सक्कल अनिवार्य त्यस अघिका ले बसाईसराईको सिफारिस पेस गर्ने)

४) श्रीमतीको मृत्यु भईसकेको पुरुषको हकमा श्रीमतीको मृत्युदर्ताको सक्कल

५) श्रीमानको मृत्यु भइसकेको महिलाको हकमा

- श्रीमानको मृत्युदर्ताको सक्कल वा बिधवा भत्ता कार्डको सक्कल

६) सम्बन्धविच्छेद भईसकेको व्यक्तिको सम्बन्धविच्छेदको कागजातको सक्कल

CS Scanned with CamScanner